"हाम्रो सेवामा प्रतिबद्धता, पारदर्शिता र सुशासन"
# त्रिपुरासुन्दरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## त्रिपुराकोट, बगर, डोल्पा
कर्णाली प्रदेश, नेपाल
www.tripurasundarimundolpa.gov.np
info@tripurasundarimundolpa.gov.np
ito.tripurasundarimundolpa@gmail.com
९९४८७०१३६,९९४८७०१३७,९७४८६६३८२९,

प.सं. ०७७।०७८

### कर्मचारी करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

प्रकाशन मिति: २०७७।०५।३१

प्रस्तुत विषयमा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP2) का लागि आवश्यक तपशिलका पद हरु करारमा पदपुर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | ०३।०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह | १ | नेपाल जलवायु परिर्वतन सहयोग कार्यक्रम **(NCCSP 2)** |
| २ | ०४।०७७।०७८ | सामाजिक परिचालक | स्थानीय सेवाको पाँचौ तह | १ | नेपाल जलवायु परिर्वतन सहयोग कार्यक्रम **(NCCSP 2)** |

**१. प्राविधिक सहायकको लागि**

क सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह, ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।

ख. **अनुभव र सिप:** प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ :-

- कम्तिमा तीन महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको।
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाका लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धी सिप सहित कम्तीमा २ बर्षको कार्य अनुभव भएको।

**२ सामाजिक परिचालकको लागि**

क. माध्यमीक शिक्षामा प्रविणता प्रमाण पत्र तह वा १०+२ पास भएको।

ख. **अनुभव र सिप:-** सामाजिक परिचालकमामा देहाय अनुभव र सिप आवश्यक पर्नेछ।

- कम्तिमा तिन महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको।
- सामाजिक परिचालकको हकमा जलवायु परिवर्तन अनुकुलन तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको।
- उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

**३ दरखास्त दिने स्थान-:** त्रिपुरासुन्दरी नगरपालिकाको कार्यालय बगर, डोल्पा।

**४ दरखास्त दिने अन्तिम मिति:-** २०७७।६।१४ (कार्यालय समय भित्र) अन्तिम दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट।

**५ छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सुचि प्रकाशन र लिखित तथा मौखिक परिक्षा।

**६ आवेदन दस्तुर :** रु ७००।

**७ आवेदन साथ संलग्न कागजपत्र:**-आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको कागजपत्रको प्रतिलिपी

- नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि १ थान।
- न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र र चारित्रिक प्रमाण पत्र प्रतिलिपि १।१ थान।
- अनुभव खुलेको प्रमाण पत्र पासपोर्ट साईजको फोटो २ प्रति
- आवश्यक वैयक्तिक विवरण (CV)

**८ सेवा सुविधा:-** नगरपालिकामा पदपुर्ति सम्बन्धिको प्रकृया तथा मापदण्ड बमोजिम हुने छ।

**९ पदले सम्पादन गर्नु पर्ने कार्य विवरण :-** नगरपालिकाले दिएको कार्य विवरण बमोजिम हुने छ।

**नोट:** प्रारम्भिक योग्यताक्रमको सुचिमा छनौट भएका उम्मेदारहरुलाई मात्र लिखित परिक्षामा समावेश गरिने छ।
सामाजकि परिचालक र प्राविधिक सहायकमा रहने वैकल्पिक उम्मेदवारलाई नगरपालिकाले अन्य मिल्दो पदमा काममा लगाउन सक्नेछ।
छनौट प्रकृयासँग सम्बन्धित थप जानकारीको लागि नगरपालिकाको सुचना पाटी वा Website www.tripurasundarimundolpa.gov.np बाट हेर्न सकिनेछ। *सामाजकि परिचालकको हकमा महिला, दलित, आदिबासी जनजातीलाई छनौट प्रक्रियामा विशेष प्राथमिकता दिईनेछ।*

रमेश बहादुर रावत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सुचना तथा प्रविधि शाखा (**website मा अपलोड गर्ने**)